राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ५ ○अंक २४ ○श्रेणी 'क' ○२०७० असोज २४ गते बिहीबार ○10 Oct. 2013 ○पृष्ठ ४ ○मूल्य रू. २/-

## पोउमनपाद्वारा विपद् व्यवस्थापन कोष संचालन

# कोषमा सहयोग गर्न कार्यकारीको आग्रह

गोल्डेन न्यूज संवाददाता
पोखरा, २३ असोज ।

पोखरा उपमहानगरपालिकाले नगर क्षेत्रमा विपद् व्यवस्थापन कोष स्थापना गरी संचालनमा ल्याएको छ । विपद् सम्बन्धी तयारी योजनालाई विकाससँग मूल प्रवाहीकरण गरेर कार्यान्वय गर्दै लगिने पोखरा उप-महानगरपालिकाका कार्यकारी अधिकृत झलकराम अधिकारीले जानकारी दिए ।

विपद् व्यवस्थापन योजना अन्तर्गत नगरभित्र रहेको जनसंख्या घरधुरी, विपद्को अवस्थामा आवासको रुपमा प्रयोग गर्न सकिने भुकम्प प्रतिरोधात्मक भवनहरु स्थानीय रुपमा रहेका, विपद् व्यवस्थापनका सामग्रीहरु, दक्ष जनशक्ति, वित्तीय संस्थाहरु, खालि चौरहरु, खानेपानीको स्रोतहरु विपद् वा प्रकोपको बेलामा समुदायले के गर्ने विपद् पश्चात के गर्ने भन्ने उल्लेख गरिएको हुन्छ । अहिले देखिंएका खतरा वा सम्भावित प्रकोप जोखिम न्यूनीकरणको लागि के कस्ता क्रियाकलापहरु सञ्चालन सो कार्यक्रम सञ्चालन तथा जिम्मेवार को हुने, विपद्को वेलाको र विपद् पश्चातको सम्पर्क योजना लगायतका सम्पूर्ण विपद् व्यवस्थापनका विषयहरुलाई स्पष्टसँग उल्लेख गरिएको हुन्छ । त्यसैगरी, विपद्बाट हुन सक्ने सम्भावित क्षतिको आकलन गरी सो को लागि आवश्यक पूर्वाधारको अवस्था कस्तो छ सो को विश्लेषण गरिसकिएको अधिकारीले बताए ।

स्थानीय विपद् जोखिम व्यवास्थापन योजना तर्जुमा निर्देशिका २०६८ ले स्थानीय निकायलाई दिईएको अधिकार प्रयोग गरी विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन निर्देशिका लागू गरिएको उनले बताए । अधिकारीका अनुसार, कोष असोज १४ गते देखि लागू भइसकेको छ । उक्त कोषमा रकम सहयोग गर्नको लागि सार्वजनिक रुपमा आह्वान



गरिएको अधिकारीले बताए ।

विपद्को उच्च जोखिमा रहेको नगर क्षेत्रमा पोखरा उपमहानगरपालिकाले विपद् व्यवस्थापनको लागि विपद् पूर्वतयारीको कार्यलाई जोड दिएको छ । यही क्रममा पोखरा उपमहानगरपालिकाका १८ वटा वडा अन्तर्गत २० वटा संकटासन्न समुदायमा विपद् व्यवस्थापन समितिहरु गठन गरिएको र उक्त समितिहरु अन्तर्गत प्रत्येक समितिमा ५ वटा उपसमिति-खोज तथा उद्धार, प्राथमिक उपचार, पूर्व सूचना प्रणाली, खाद्यान्न सरसफाई तथा खानेपानी र आवास व्यवस्थापन) गठन गरेको छ । त्यसैगरी विपद् व्यवस्थापनको लागि समुदायको क्षमता तथा संकटासन्नता विश्लेषण, नगर तथा वडा स्तरको विपद् व्यवस्थापन योजना, तयार अन्तिम चरणमा पुगिसकेको अधिकारीले बताए ।

कार्यक्रम अन्तर्गत पोखरा उपमहानगरपालिकामा कार्यरत चार सय निर्माणकर्मीहरुलाई भूकम्प प्रतिरोधी भवन निर्माणसम्बन्धी तालिम र करिब नौ सय घर धनीहरुलाई भुकम्प प्रतिरोधी भवन निर्माणसम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न गरिसकिएको छ । यी कार्यक्रमका लागि विपद् उत्थानशिल समुदाय निमाण परियोजना सिद्धार्थ क्लबले सहयोग गरिरहेको समेत जानकारी दिए ।

(विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका र सार्वजनिक सूचनाको विस्तृत विवरण पृष्ठ ३ मा) ।

राष्ट्रिय
यूनाइटेड दैनिक
UNITED NATIONAL DAILY
○वर्ष : ○अंक : ७७ ○२०७० असोज २७ गते बिहीबार ○षष्ठी तिथि, ने.सं. ११३३ ○Thursday, 10 Oct. 2013 ○पृष्ठ संख्या : ८ ○मूल्य रु. ३/-



# पोखरा उपमहानगरपालिकाद्वारा विपद् व्यवस्थापनको क्षेत्रमा नमूना कार्य गर्दै



युनाइटेड संवाददाता
पोखरा

पोखरा उपमहानगरपालिकाले विपद् व्यवस्थापनको क्षेत्रमा नमूनायोग्य कार्यहरु एक पछि अर्को गर्दै गैरहेको छ।

यसै क्रममा पोखरा उपमहानगर पालिकाले स्थानिय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ ले स्थानीय निकायलाई दिईएको अधिकार प्रयोग गरी विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन निर्देशिका २०७० यहि मिति २०७० असोज १४ गतेदेखि लागुहुने गरी कार्यान्वयनमा ल्याएको छ । उक्त कोषमा रकम सहयोग गर्नको लागि सार्वजनिक सूचना समेत प्रकाशित गरेको छ । पोखरा उपमहानगरपालिकाले विपद् व्यवस्थापनको लागि विपद् पूर्वतयारीको कार्यलाई बढि जोड दिएको छ ।

पोखरा उप-महानगरपालिका कार्यालय
पोखरा
२०५२

पोखरा उप-महानगरपालिकाद्वारा जारि गरिएको विपद् व्यवस्थापन तथा न्यूनिकरण सम्बन्धि सार्वजनिक सूचना

"हाम्रो अभियान स्वच्छ सुन्दर पोखरा"

यसै सन्दर्भमा पोखरा उपमहानगर पालिकाका १८ वटा वडा, २० वटा संकटासन्न समुदायमा विपद् व्यवस्थापन समितिहरु गठन गरिएको र उक्त समितिहरु अन्तर्गत प्रत्येक समितिमा ५ वटा उपसमिति (खोज तथा उद्धार, प्राथमिक उपचार, पूर्व सूचना प्रणाली, खाद्यान्न सरसफाई तथा खानेपानी र आवास व्यवस्थापन) गठन गरेको छ । त्यसैगरी विपद् व्यवस्थापनको लागि समुदायको क्षमता तथा संकटासन्नता विश्लेषण, नगर तथा वडा स्तरको विपद् व्यवस्थापन योजना, तयार अन्तिम चरणमा पुगेको छ ।

यस विपद् व्यवस्थापन योजनाबाट नगर भित्र रहेको जनसंख्या घरधुरी, विपद्को अवस्थामा आवासको रुपमा प्रयोग गर्न सकिने भूकम्प प्रतिरोधात्मक भवनहरु स्थानीय रुपमा रहेका, विपद् व्यवस्थापनका सामग्रीहरु, दक्ष जनशक्ति, वित्तीय सस्थाहरु, खालि चौरहरु, खानेपानीको स्रोतहरु विपद् वा प्रकोपको बेलामा समुदायले के गर्ने विपद् पश्चात के गर्ने र अहिले देखिएका खतरा वा सम्भावित प्रकोप जोखिम न्यूनीकरणको लागि के कस्ता क्रियाकलापहरु सञ्चालन सो कार्यक्रम सञ्चालन तथा जिम्मेवार को हुने, विपद्को, बेलाको र विपद् पश्चातको सम्पर्क योजना लगायतका सम्पूर्ण विपद् व्यवस्थापनका विषयहरुलाई स्पष्टसँग उल्लेख गरिएको हुन्छ । त्यसैगरी, विपद्बाट हुन सक्ने सम्भावित क्षतिको आकलन गरी सो को लागि आवश्यक पूर्वाधारको अवस्था कस्तो छ सो को विश्लेषण गरिसकिएको छ । अब आउने तयारी योजनालाई विकाससँग मूल प्रवाहीकरण गरेर कार्यान्वय गरिने व्यहोरा पोखरा उपमहानगर पालिकाका कार्यकारी अधिकृत भलकराम अधिकारीले जानकारी दिए ।

यसै कार्यक्रम अन्तर्गत पोखरा उपमहानगरपालिकामा कार्यरत चार सय निर्माणकर्मीहरुलाई भुकम्प प्रतिरोधी भवन निर्माणसम्बन्धी तालिम र करिब नौ सय घर धनीहरुलाई भुकम्प प्रतिरोधी भवन निर्माणसम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न गरिसकिएको छ उल्लेखित कार्यहरु सम्पन्न गर्नको लागि विपद् उत्थानशिल समुदाय निमाण परियोजना सिद्धार्थ क्लबले सहयोग गरिरहेको समेत जानकारी दिए । हाल कार्यान्वयनमा ल्याइएको विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका र नगर पालिकाद्वारा जारि गरिएको सार्वजनिक सूचना यस प्रकार रहेको छ ।